मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ६ गते बुधबार (Wednesday, 18 February. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## होस्टल सञ्चालक महिला लागूऔषधसहित पक्राउ

**काठमाडौं, फागुन ५।** प्रहरीले काठमाडौँको बानेश्वरबाट होस्टल सञ्चालिकालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको छिन्नमस्ता गाउँपालिका-१ घर भएकी ४५ वर्षीया मायाकुमारी देवी मिश्र छिन्।

बानेश्वरको कात्यायनी चोकस्थित उनले सञ्चालन गरेको न्यूकस्यप ब्वाईज होस्टलबाट प्रहरीले ०.१३ मिलिग्राम खैरो हेरोइन बरामद गरेको हो। केहीदिन अघि प्रहरी वृत्त बानेश्वरबाट खटिएको टोलीले छापा मार्दा होस्टलको

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रेम जालमा पारेर यौन शोषण, तनाव झेल्न नसकेर आत्महत्या

### आत्महत्या दुरुत्साहन आरोपमा काठमाडौंबाट प्रधान पक्राउ

**झापा, फागुन ५।** प्रेमको नाममा यौन शोषण तथा मानसिक दबाबका कारण झापाकी एक युवतीले आत्महत्या गरेको घटनामा संलग्न रहेको आरोपमा एक युवालाई प्रहरीले काठमाडौंबाट पक्राउ गरेको छ।

बिर्तामोडस्थित इन्द्रेणी क्याम्पसमा बीबीएस दोस्रो वर्षमा अध्ययनरत् कचनकवल गाउँपालिका-३की २१ वर्षीया अस्मिता देवानले गतमंसीरमा विष सेवन गरी आत्महत्या गरेकी थिइन्। उपचारका क्रममा मंसीर ९ गते बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उनको मृत्यु भएको थियो।

इलाका प्रहरी कार्यालय अनारमनीका अनुसार आत्महत्या दुरुत्साहन गरेको आरोपमा मेचीनगर नगरपालिकास्थित धाइजनका २८ वर्षीय रवीन प्रधानलाई काठमाडौंबाट पक्राउ गरी झापा ल्याइएको छ। उनलाई हाल इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतमा राखेर अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठले जानकारी दिए।

प्रहरीका अनुसार मृतक देवानले मंसीर ७ गते विष सेवन गरेकी थिइन्। प्रारम्भिक अनुसन्धानमा उनको आत्महत्यापछि भेटिएको सुसाइड नोट, मोबाइलमा भएको संवाद तथा परिवारको जाहेरीका आधारमा प्रधानमाथि आत्महत्या दुरुत्साहनको आरोप लागेको हो।

मृतकका आफन्तका अनुसार प्रधान कचनकवलस्थित एक विद्यालयमा शिक्षकका रूपमा कार्यरत रहँदा देवानसँग चिनजान भएको थियो। सोही क्रममा उनले प्रेम सम्बन्ध स्थापना गरी पटक-पटक यौन शोषण गरेको आरोप परिवारले लगाएको छ।

मृतककी आफन्त कुमारी हेम्ब्या राईका अनुसार अस्मिता प्लस-टू अध्ययनपछि विराटनगरमा बसेर उच्च शिक्षा अध्ययन गरिरहेकी थिइन्। त्यही अवधिमा प्रधानसँग उनको सम्बन्ध गहिरिएको र पटक-पटक यौन शोषण भएको परिवारले दाबी गरेको छ। हामीलाई छोरी डिप्रेसनमा रहेको मात्र थाहा थियो। तर, आत्महत्या गरेपछि फेला परेको सुसाइड नोट र मोबाइलमा भएका संवाद हेर्दा प्रेमको नाममा यौन शोषण र मानसिक दबाब सहन नसकेर उनले आत्महत्या गरेको स्पष्ट भयो- राईले भनिन्।

परिवारका अनुसार यौन सम्बन्धका क्रममा बनाइएको भिडियो तथा त्यससम्बन्धी धम्कीका कारण अस्मिता गम्भीर मानसिक तनावमा परेकी थिइन्। छोरीले सुसाइड नोटमा आमासँग माफी माग्दै आफ्नो पीडाबारे उल्लेख गरेकी छन्- उनले भनिन्।

मृतकका परिवारले दिएको जाहेरीका आधारमा माघ १ गते प्रधानबिरुद्ध आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दा दर्ता गरिएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए। त्यसपछि खोजी कार्य तीव्र पारिएकोमा उनलाई काठमाडौंमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरिएको हो।

प्रहरीका अनुसार प्रधान हाल काठमाडौंमा आफ्नी दिदीको घरमा बस्दै एक कन्सल्टेन्सीमा व्यवस्थापकका रूपमा कार्यरत थिए। अनुसन्धानका क्रममा उनी देवानसँग भेटघाट गर्न पटक-पटक विराटनगर जाने गरेको खुलेको छ।

यस्तै, प्रधानबिरुद्ध यसअघि पनि काठमाडौंमा अर्की एक युवतीसँग सम्बन्धित विवादमा उजुरी परेको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। ती युवतीसँग विवाहको आश्वासन दिएर सम्बन्ध राखेको र पछि अस्वीकार गरेपछि उनी बेपत्ता भएको आरोपसमेत अनुसन्धानको दायरामा रहेको प्रहरी स्रोतले जनाएको छ।

प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ। साथै, डिजिटल प्रमाण, सुसाइड नोट तथा परिवारको बयानका आधारमा मुद्दा अघि बढाइएको र आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइने प्रहरीको भनाइ छ।

### २०७९मा सुसुप्त रास्वपा, २०८२ सशक्त

# जोखिममा शीर्ष नेता

सुरेन्द्र भण्डारी


**झापा, फागुन ५।** २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा सीमित प्रभाव देखाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) २०८२को निर्वाचन नजिकिँदै गर्दा झापासहित देशभरका ठूला दलका लागि बलियो चुनौतिका रूपमा उदाएको छ।

छोटो समयमै संगठन विस्तार, नेतृत्वप्रतिको जनआकर्षण र वैकल्पिक शक्तिको खोजीमा रहेका मतदाताको समर्थनले रास्वपालाई चुनावी प्रतिस्पर्धाको केन्द्रमा पुर्‍याएको छ। २०७९को निर्वाचनभन्दा करिब ६ महिना अघि मात्र निर्वाचन आयोग नेपालमा दर्ता भएको रास्वपा पहिलो सहभागितामै प्रत्यक्ष र समानुपातिक गरी २२ सिट जित्दै संसदमा चौथो ठूलो दल बन्न सफल भएको थियो। पार्टीका सभापति रवि लामिछानेको नेतृत्व, भ्रष्टाचारबिरुद्धको एजेण्डा र पुराना दलप्रतिको असन्तुष्टिको लाभ रास्वपालाई मिलेको विश्लेषण गरिएको थियो।

२०७९मा सम्पन्न निर्वाचनमा रास्वपाले समानुपातिकतर्फ झापामा ७७ हजार ४४४ मत प्राप्त गर्दै सशक्त उपस्थिति देखाएको थियो। यो परिणामले एमाले र कांग्रेसपछि तेस्रो शक्तिका रूपमा आफूलाई स्थापित गर्न रास्वपा सफल भएको देखिन्छ।

जिल्ला निर्वाचन कार्यालय झापाका अनुसार २०७९ को निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) (एमाले) १ लाख २७ हजार ७८० मतसहित पहिलो र नेपाली कांग्रेस १ लाख ६८६ मतसहित दोस्रो स्थानमा थिए। तर नयाँ दल भएर पनि रास्वपाले उल्लेख्य मत प्राप्त गर्नुले झापामा वैकल्पिक राजनीतिक शक्तिप्रति आकर्षण बढ्दै गएको संकेत दिएको थियो।

विशेषगरी क्षेत्र नम्बर २ र ५ मा रास्वपाले उल्लेख्य मत प्राप्त गर्नुले शहरी मतदाता, युवा वर्ग र वैकल्पिक राजनीतिक धारको समर्थन प्राप्त भएको देख्न सकिन्छ। यसले प्रत्यक्ष निर्वाचनमै प्रतिस्पर्धा गर्न सक्ने आधार तयार गरेको प्रष्ट हुन्छ।




झापाका पाँच निर्वाचन क्षेत्रमा अघिल्लो निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ जित हासिल गर्न नसकेपनि समानुपातिक तर्फ ठूलादलसंगै प्रतिष्पर्धामा उत्रदै आफ्नो सशक्त उपस्थिति जनायो। २०७९ पछि रास्वपा देशभर संगठन विस्तार, सदस्यता अभियान र स्थानीय तहसम्म संरचना निर्माणलाई तीव्र बनाउँदै योपटक चुनावी मैदानमा देखिएको छ।

पार्टी सभापति रवि लामिछानेमाथि सहकारी प्रकरणमा छानबिन र मुद्दा चले पनि त्यसलाई राजनीतिक प्रतिशोधका रूपमा व्याख्या गर्दै समर्थकहरू थप सक्रिय बनेका छन्। यसले पार्टीप्रति सहानुभूति र जनसमर्थन बढाउन भूमिका खेलेको देखिन्छ।

यसबीच पुराना दलप्रति असन्तुष्टि बढाउने विभिन्न आन्दोलन र सामाजिक असन्तोषले पनि नयाँ शक्तिलाई लाभ पुगेको छ। मतदातामा 'पुरानाबाट परिवर्तन सम्भव छैन' भन्ने धारणा बलियो बन्दै जाँदा रास्वपाले त्यसको राजनीतिक लाभ लिन थालेको छ।

अझ झापा-५ यतिबेला देशकै चासोको केन्द्र बनेको छ। यो क्षेत्र केपी शर्मा ओलीको निर्वाचन क्षेत्रका रूपमा चिनिन्छ। २०४८को आम निर्वाचन यता २०६४ को निर्वाचन बाहेक अरु निर्वाचनको नतिजा आफ्नै पोल्टामा पार्दै आएका ओलीको राजनीतिक विरासत संकटमा परेको चर्चा शुरु भएको छ।

एमाले अध्यक्ष ओलीलाई टक्कर दिन रास्वपाले शीर्ष तहका नेताको उम्मेदवारी घोषणा गरेपछि झापा-५ मा चुनावी सरगर्मी तीव्र बनेको छ। एमाले यसपटक गठबन्धनविहीन रूपमा मैदानमा उत्रिएको छ भने रास्वपा आक्रामक प्रचार रणनीतिसहित मतदातामाझ पुगेको छ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ओलीलाई चुनौति दिँदै काठमाडौं महानगरको मेयर पद त्यागेर झापा ५ बाट चुनावी प्रतिष्पर्धामा छन्। जसले गर्दा एमालेको रानीतिक वृत्तमा हलचल मच्चिएको छ।

झापा राजनीतिक रूपमा सचेत र परिवर्तनको पक्षमा उभिने जिल्लाका रूपमा परिचित छ। २०६४मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उम्मेदवार विश्वदीप लिङ्देनलाई व्यापक समर्थन दिएको झापा ५ले यसपटक पनि नयाँ राजनीतिक शक्तिप्रति आकर्षण देखाउने सम्भावना रहेको विश्लेषण भइरहेको छ।

२०६४मा सम्पन्न निर्वाचनमा झापालीले तत्कालीन झापाका सात निर्वाचन क्षेत्रमध्ये ६ वटा निर्वाचन क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उम्मेदवारलाई विजयी गराए। २०७९मा 'सुसुप्त' देखिएको रास्वपा अहिले भने चुनावी प्रतिस्पर्धाको निर्णायक शक्ति बन्ने दिशामा अग्रसर छ। एमाले र कांग्रेस जस्ता पुराना र स्थापित दलहरूले आफ्नो परम्परागत जनाधार जोगाउन संघर्ष गरिरहेका बेला रास्वपाले वैकल्पिक शक्ति खोज्ने मतदातालाई आकर्षित गरिरहेको छ।

२०७९मा समानुपातिकतर्फ प्राप्त मत र त्यसपछि भएको संगठन विस्तारले रास्वपालाई २०८२को निर्वाचनमा प्रत्यक्षतर्फ पनि बलियो प्रतिस्पर्धी बनाएको छ। झापामा देखिएको यो प्रवृत्तिले देशभरको राजनीतिक समीकरणमा नयाँ मोड ल्याउने संकेत गरेको छ। अघिल्लो निर्वाचनमा सीमित प्रभाव देखाएको रास्वपा २०८२सम्म आइपुग्दा सशक्त चुनौतिका रूपमा स्थापित हुँदै पुराना दलको वर्चस्वलाई चुनौति दिने अवस्थामा पुगेको छ।

**यस्तो थियो २०७९को समानुपातिक अंकगणित**

प्रतिनिधिसभा सदस्य निर्वाचन २०७९ को समानुपातिकतर्फको मत परिणामले झापामा परम्परागत दलहरूको प्रभाव कायम रहे पनि नयाँ शक्तिको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले उल्लेख्य उपस्थिति देखाएको थियो। जिल्ला निर्वाचन कार्यालय झापाका अनुसार झापामा सबैभन्दा बढी मत नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) (एमाले) ले प्राप्त गरेको थियो।

एमालेले कूल १ लाख २७ हजार ७८० मत प्राप्त गर्दै पहिलो स्थान सुरक्षित गरेको थियो। एमालेको प्रभाव विशेषगरी क्षेत्र नम्बर ५मा देखिएको थियो। जहाँ उसले ३५ हजार ८७२ मत प्राप्त गरेको थियो। त्यसैगरी क्षेत्र नम्बर १मा २२ हजार ४४७, क्षेत्र नम्बर २मा २० हजार ४९०, क्षेत्र नम्बर ३मा १९ हजार ४६० र क्षेत्र नम्बर ४

*(बाँकी अन्तिम पृष्ठमा)*

## परालको डल्लो राखेर बमको आतंक

**झापा, फागुन ५।** झापाको शिवसताक्षी-१० माईधारस्थित कन्काई पुलमा मंगलवार बिहान फेला परेको शंकास्पद वस्तु 'होक्स' भएको पुष्टि भएको छ।

नेपाली सेनाको बम डिस्पोजल टोलीले घटनास्थलमा पुगेर प्रारम्भिक जाँच तथा डिस्पोज गर्ने तयारीका क्रममा उक्त वस्तु विस्फोटक नभई परालको डल्लो रहेको पुष्टि भएको हो। परालालाई डल्लो बनाएर तारले बेरेको र बाहिरी भागमा 'नेपाल बन्द होशियार' लेखिएको कागज राखी ढुङ्गाले थिचेर पुलको बीच भागमा राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ।

उक्त वस्तु बम भएको आशङ्कामा सुरक्षाका दृष्टिले बिहानैदेखि पूर्व-पश्चिम महेन्द्र राजमार्गको सो खण्डमा सवारी आवागमन रोकिएको थियो। घटनापछि नेपाली सेना र प्रहरीको संयुक्त टोलीले शंकास्पद वस्तु हटाएपछि यातायात सेवा पुनः सञ्चालनमा आएको थियो।



जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक बसुन्धरा खड्काले कसैले सर्वसाधारणमा त्रास सिर्जना गर्ने उद्देश्यले उक्त कार्य गरेको हुन सक्ने बताएकी छिन्। घटनामा संलग्न व्यक्तिको पहिचान तथा खोजी कार्य भइरहेको उनको भनाइ छ।

शंकास्पद वस्तुका कारण केही समय राजमार्गमा यातायात प्रभावित बनेको थियो भने सुरक्षा निकायले घटनाबारे थप अनुसन्धान अघि बढाएको जनाएको छ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

## कसरी चिन्ने सक्कली नोट ?

**काठमाडौं, फागुन ५।** कहिलेकाहीँ बजारमा नक्कली नोटको बिगबिगी भएको सुनिन्छ। अन्जानमा नक्कली नोट हात पर्दा सर्वसाधारण ठगिने मात्र नभएर कानूनी झमेलामा समेत पर्ने जोखिम हुन्छ।

यसै सन्दर्भमा नेपाल राष्ट्र बैंकले वित्तीय चेतनाका लागि सक्कली नोट कसरी पहिचान गर्ने भन्नेबारे जानकारी सार्वजनिक गरेको छ।

जाली नोट मुद्रण, ओसारपसार र कारोबार गर्नु गैरकानूनी हो। आर्थिक कारोबार गर्दा नोट शंकास्पद लागेमा नजिकैको प्रहरी कार्यालय, बैंक तथा वित्तीय संस्था वा राष्ट्र बैंकमा जानकारी गराउनुपर्दछ। त्यतिमात्रै होइन जाली नोट पहिचानका लागि नेपाली बैंक नोटमा रहेका सुरक्षण विशेषताहरू हुन्छन्। जसले सक्कली र नक्कली नोटको पहिचान गर्न सहज हुन्छ।

सामान्य[redacted]हुन्छ




भने जाली नोट साधारण कागज जस्तो चिप्लो हुन्छ। जाली नोटको रङ फिक्का देखिन्छ र सुरक्षा धागोले पोतेको वा टाँसेको जस्तो देखिन्छ।

बैंक नोट छाम्दा साधारण कागज जस्तो चिप्लो लागेमा, बैंक नोटको रङ फिक्का जस्तो लागेमा वा सुरक्षण धागो रङले पोतेको, बाहिरबाट टाँसेको र सामान्यभन्दा फरक देखिएमा वा उठ्नुपर्ने भागहरू चिप्लो र सम्म भएको जस्तो लागेमा, हेरेर, छामेर र ढल्काएर थप परीक्षण गर्नुपर्छ।

**सक्कली नोट कसरी चिन्ने ?**


राष्ट्र बैंकका अनुसार एक हजारको नोटलाई हेरेर, छामेर, ढल्काएर र मेसिनको प्रयोगबाट चिन्न सकिन्छ। हेरेर थाहा पाउनका लागि नोटलाई प्रकाशतर्फ पारेर हेर्दा लालीगुराँस र '१०००' को वाटर मार्क देखिन्छ। यस्तै, पूर्ण रूपमा '१०००' लेखिएको देखिन्छ। छामेर थाहा पाउनका लागि नोट छाम्दा खस्रो हुन्छ र प्रिन्ट गरिएका भागहरू उठेको महशुस हुन्छ। दृष्टिविहीनहरूका लागि पहिचान गर्न अंग्रेजी वर्ण एम लेखिएको हुन्छ, जुन छाम्दा उठेको हुन्छ।

ढल्काएर थाहा पाउनका लागि नोट ढल्काएर हेर्दा सुरक्षा धागो चलेको जस्तो देखिन्छ। नोटमा रहेको भगवतीको आकृति सिल्भर रङको देखिन्छ।

मेसिनबाट थाहा पाउनका लागि अल्ट्रा भायोलेट

*(बाँकी अन्तिम पृष्ठमा)*

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५४११७४, ९८२०४५११७४

# नौ सय ५५ केजी गाँजासहित पक्राउ

**धरान, फागुन ५।** धरान उपमहानगरपालिका-२० बरडाँडाबाट ९५५ किलोग्राम (केजी) गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भिषणबाबु राईको कमाण्डमा खटिएको प्रहरी टोलीले गए राति धनकुटाबाट धरानको विष्णुपादुकातर्फ आउँदै गरेका दुईवटा पिकअप गाडी जाँच गर्ने क्रममा उक्त परिमाणको गाँजा बरामद गरेको हो।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता चन्द्र खड्काका अनुसार बारा कोल्बी नगरपालिका-८ बस्ने सन्दीपकुमार माझीले चलाएको बागमती प्रदेश-०१-०२७च ११४३ नंको पिकअप गाडीबाट ४९५ केजी र चन्द्रागिरी-८ बस्ने ३३ वर्षीय नगेन्द्रराज श्रेष्ठले चलाएको बीएसी ३२३६ नम्बरको गाडीबाट ४६० केजी बरामद गरिएको हो। पक्राउ परेका दुवै जनालाई सवारीसाधनसहित नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# २५० जना नेपालीलाई गैरकानूनी रुपले अमेरिका पुऱ्याएपछि...

**झापा, फागुन ५।** करिब २५० जना नेपालीलाई गैरकानूनी बाटोबाट अमेरिका पठाउने दुई जनालाई सम्पत्ति शुद्धीकरणको मुद्दा चलाइएको छ।

मानव वेचबिखन तथा ओसारपसार अनुसन्धान ब्यूरोले रुकुम पश्चिमको बाफिकोट गाउँपालिका-२का कलबहादुर बस्नेत र रुकुमपूर्व सिस्ने गाउँपालिका-५का अमित बस्नेतबिरुद्ध जिल्ला अदालत काठमाडौँमा मुद्दा दायर गरेको हो।

कलबहादुर यसअघि मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरमा पुर्पक्षका लागि डिल्लीबजार कारागार चलान भएका छन्। अमित फरार रहेको व्युरोका प्रवक्ता एसपी राजन लिम्बूले बताए।

प्रतिवादी कलबहादुर बस्नेतलाई उनको नाममा विभिन्न बैंकहरूमा कसुरजन्य कार्यबाट प्राप्त भएको ७० करोड ६० लाख ५३ हजार ७२२ रुपैयाँ ३३ पैसा बिगो कायम गरी मागदाबी लिइएको छ। अर्का प्रतिवादी अमित बस्नेतलाई निजको नाममा विभिन्न बैंकहरूमा कसुरजन्य कार्यबाट प्राप्त भएको २७ करोड ४५ लाख २९ हजार २८ रुपैयाँ ९४ पैसा बिगो कायम गरिएको छ।

प्रतिवादीहरूले करिब २५० जना नेपाली नागरिकहरूलाई विनाइजाजत कानून विपरीत गैरकानूनी बाटोबाट विभिन्न देश हुँदै मानव तस्करीको रुपमा अमेरिका प्रवेश गराएको पाइएको एसपी लामाले बताए।

यस्तै केही मानिसहरूलाई अमेरिका लैजाने भनी विभिन्न देशमा लगी अलपत्र पारेको मानव बेचबिखन, ठगी तथा वैदेशिक रोजगार ठगी समेतका कसुर गरेको र सो कसुरबाट आर्जित रकममध्ये प्रतिवादीहरूले केही रकम नगदै र केही रकम आफ्नो नाममा सञ्चालनमा रहेका विभिन्न बैंक खाताहरूमा जम्मा गर्न लगाउने गरेको देखिएको प्रहरीको दाबी छ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ अनुसार विगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार दुई वर्षदेखि १५ वर्षसम्म कैद सजाय गर्न माग समेत गरिएको छ।

उनीहरूको नाममा रहेका घरजग्गा, बैंक मौज्दात तथा बिमा रकम सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४को दफा ३४ बमोजिम जफत गरी पाउन माग दावी लिइएको छ।

# स्वस्तिकाको ४०औं वार्षिकोत्सव



**अर्जुनधारा, फागुन ५।** झापाको अर्जुनधारा नगरपालिका-८स्थित स्वस्तिका शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयको ४०औं वार्षिकोत्सव एवम् सांस्कृतिक कार्यक्रम मंगलबार सम्पन्न भएको छ।

विद्यालयको प्राङ्गणमा विद्यालयकी संस्थापक ईश्वरा श्रेष्ठको अध्यक्षतामा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि अर्जुनधारा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख हरिबहादुर कवरले उद्घाटन गरेका थिए।

कार्यक्रममा विभिन्न व्यक्तित्वहरुलाई सम्मान-पत्र एवम् प्रशंसा-पत्रबाट सम्मानित गरिएको थियो। जस अनुसार पूर्व विद्यार्थी डा. रेवतप्रसाद ओली, गत शैक्षिक वर्ष २०८१को एसईई उत्कृष्ट छात्र आशिष बस्नेत र उत्कृष्ट छात्रा मीना प्याकुरेल, अभिभावकतर्फ गंगा न्यौपाने र लीलादेवी नेपाल चापागाँई, विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक सुजन त्रिखत्री, अनुशासन इञ्चार्ज सनम कार्की, भलिबल प्रशिक्षक अनिश सुनदासलगायत रहेका छन्।

विद्यालयका सल्लाहकार इन्द्र ढुंगानाले वार्षिक प्रगति प्रतिवेदन बारे जानकारी गराएको कार्यक्रममा विद्यार्थीहरुले गीत, नृत्य, रायम्स, कविता, भाषण, फेसन शो, नाटक प्रदर्शनी, समाचार वाचन, तङ इल मोदो प्रदर्शनी आदि प्रस्तुत गरेका थिए।

कार्यक्रममा अग्रज पत्रकार एवम् शिक्षक अभिभावक संघका पूर्वअध्यक्ष दिपीन राई, सम्मानित व्यक्तित्व पूर्व बिद्यार्थी ओलीलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

शिक्षकतर्फ सीता खतिवडा र विद्यार्थीतर्फ युनिका राईले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमको सञ्चालन विद्यालयका संयोजक सीपी सुवेदी र बिद्यार्थीद्वय अञ्जली अधिकारी र रुपेश रामले गरेका थिए।

# 'अता पता लापता' : राजपाललाई जेल पुऱ्याएको फिल्म

बलिउडका चर्चित अभिनेता राजपाल यादव यतिबेला मुस्किल घडीमा छन्। चेक बाउन्सको मुद्दामा उनले तिहाड जेलमा ११ दिन बिताए। सोमबार मात्र उनलाई दिल्ली उच्च अदालतले सर्तसहित १८ मार्चसम्मका लागि अन्तरिम जमानत दिएको छ। डेढ करोड भारु धरौटी र पासपोर्ट बुझाएर उनी रिहा भइसकेका छन्। अब अर्को सुनुवाइ १८ मार्चमा हुनेछ।

राजपालको चेक बाउन्स मुद्दा फिल्मसँग जोडिएको छ। उनले सन् २०१० मा मुरली प्रोजेक्ट्स नामक कम्पनीबाट भारु पाँच करोड ऋण लिएर फिल्म 'अता पता लापता' बनाएका थिए। यसको निर्देशन उनी आफैंले गरेका थिए भने मुख्य भूमिकामा पनि उनी स्वयम् थिए। राजपालकी श्रीमती राधा यादवले श्री नौरंग गोदावरी इन्टरटेनमेन्टको ब्यानरमा फिल्मको निर्माण गरेकी थिइन्।

राजपालले आफूसँग भएको पैसा समेत लगाएर ११ करोडको लागतमा उक्त फिल्म बनाएका थिए। उनलाई फिल्म सफल हुने पूर्ण विश्वास थियो। तर, फिल्मले बक्स अफिसमा निराशाजनक व्यापार गऱ्यो। यसले ५० लाख भारु पनि कमाउन सकेन। फिल्म फ्लप भएपछि राजपाल आर्थिक संकटमा फसे। उनले मुरली प्रोजेक्ट्सबाट लिएको ऋण पनि तिर्न सकेनन्। एकपटक राजपालले भुक्तानीका लागि दिएको चेक बाउन्स भएपछि उक्त कम्पनीले उनीबिरुद्ध अदालतमा मुद्धा दर्ता गरेको थियो। यसपछि सन् २०१८ मा दिल्लीको तल्लो अदालतले उनलाई दोषी ठहर गर्दै ६ महिनाको जेल सजाय सुनाएको थियो। पछि यो मुद्धा दिल्ली उच्च अदालत पुग्यो, जहाँ राजपालले कम्पनीको ऋण तिर्ने वाचा गरेपछि उनको सजायमा रोक लगाइएको थियो।

तर, उनले पटक-पटकको प्रतिबद्धता उल्लंघन गरेको भन्दै फेब्रुअरी ४ मा दिल्ली उच्च अदालतले उनलाई आत्मसमर्पण गर्न आदेश दिएको थियो। र, उनले फेब्रुअरी ५ मा दिल्लीको तिहाड जेल पुगेर आत्मसमर्पण गरे। उनले मुरली प्रोजेक्ट्स कम्पनीलाई सहमति बमोजिम करिब ९ करोड भारु तिर्नुपर्ने रहेको भारतीय मिडियाले उल्लेख गरेका छन्।

राजपालले आफूसँग तत्काल ऋण तिर्ने पैसा नभएको भन्दै जेल पुगेर आत्मसमर्पण गरेपछि सलमान खान, अजय देवगन, वरुण धवन, सोनू सूद, नवाजुद्दीन सिद्दीकी लगायतका कलाकारहरूले उनलाई आर्थिक सहयोग गर्ने आश्वासन दिएका छन्।

# खाल्डोमा डुबेर बालकको मृत्यु

**झापा, फागुन ५।** खाल्डोमा जमेको पानीमा डुबेर झापामा एक बालकको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी खगेन्द्रबहादुर खड्काका अनुसार कचनकवल-२ हर्दासभिट्टा बस्ने खेलराज राजवंशीका १४ महिने छोरा प्रियांश राजवंशीको डुबेर मृत्यु भएको हो।

सोमवारसाँझ उनी वडा नं. ३ दल्कीस्थित आफ्नै मामाघरमा खेल्ने क्रममा कलको पानी जम्ने खाल्डोमा डुबेर अचेत अवस्थामा फेला परेका थिए।

उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको थियो। अस्पताल ल्याए लगत्तै चिकित्सकले सोमवार राति उनको मृत्यु भएको पुष्टि गरेका थिए।

# तीन किलो चाँदीसहित एक जना पक्राउ

**काठमाडौँ, फागुन ५।** चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गास्थित 'चेक प्वाइन्ट'बाट रु. १२ लाखको चाँदीसहित एक जना पक्राउ परेका छन्।

वीरगञ्जबाट काठमाडौँ आइरहेको यात्रीवाहक बसमा शङ्का लागेर पर्साको फेटा गाउँपालिका-६ का आसु साबको झोला जाँच गर्दा गैरकानूनी रूपमा ल्याइएको करिब तीन किलो चाँदीका दाना फेला परेका नागढुङ्गास्थित प्रहरी प्रभागले जनाएको हो। चाँदीसहित अभियुक्तलाई थप अनुसन्धानका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालयमसक्ष पेश गरिएको काठमाडौँ जिल्ला प्रहरी परिसरका प्रवक्ता पवनकुमार भट्टराईले जानकारी दिए।

# झापा ५ : एमाले एमालेद्वारा ४२ बुँदे प्रतिबद्धता सार्वजनिक

**झापा, फागुन ५।** नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली उम्मेदवार रहेको झापा क्षेत्र नं. ५ लाई केन्द्रित गर्दै ४२ बुँदे चुनावी प्रतिबद्धता-पत्र सार्वजनिक गरिएको छ।

आसन्न प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै सार्वजनिक गरिएको प्रतिबद्धता-पत्रमा सुशासन, भ्रष्टाचार नियन्त्रण, राष्ट्र र राष्ट्रियता तथा पूर्वाधार विकासलाई मुख्य प्राथमिकताका रूपमा अघि सारिएको छ। प्रतिबद्धता-पत्रमा मुलुकमा सुशासन स्थापना, भ्रष्टाचार नियन्त्रणमा शून्यसहनशीलता, पूर्वाधार विस्तार र आर्थिक विकासलाई तीव्रता दिने विषयलाई मुख्य आधार बनाइएको छ। साथै बिगतमा भएका सकारात्मक कामको संरक्षण र अधुरा रहेका आयोजना सम्पन्न गर्ने जिम्मेवारी लिने प्रतिबद्धता पत्रमा उल्लेख छ।

**एमालेको राजनीतिक दृष्टिकोण र उपलब्धि उल्लेख्य**

प्रतिबद्धता पत्रमा एमाले नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार भएको दावी गर्दै पार्टी स्थापनाकालदेखि अनेक चुनौति पार गर्दै महत्वपूर्ण उपलब्धि हासिल गरेको उल्लेख गरिएको छ। दक्षिणपन्थी अवसरवाद र उग्रवामपन्थी प्रवृत्तिलाई परास्त गर्दै कम्युनिष्ट आन्दोलनलाई सशक्त बनाउने दिशामा एमाले अघि बढिरहेको जनाइएको छ।

एमालेले २०५१ सालमा पहिलो कम्युनिष्ट सरकार गठन गरी लोकप्रिय कार्यक्रम शुरु गरेको उल्लेख गर्दै त्यसपछि मुलुकको विकासको आधार तयार भएको दाबी गरिएको छ। २०७४ सालको निर्वाचनपछि एमाले नेतृत्वमा बनेको सरकारले कोभिड-१९ महामारीको चुनौतिका बाबजुद पूर्वाधार विकासमा महत्वपूर्ण प्रगति गरेको प्रतिबद्धता-पत्रमा उल्लेख छ।

सरकार सञ्चालनका क्रममा आन्तरिक र बाह्य दबाबका कारण सरकार विघटन भएको र त्यसबाट राजनीतिक अस्थिरता बढेको उल्लेख गर्दै स्थिर सरकारको आवश्यकता अझै कायम रहेको बताइएको छ।

**स्टन्टबाजी र पपुलिस्ट प्रवृत्तिको आलोचना**

प्रतिबद्धता-पत्रमा पछिल्लो समय राजनीतिक दलहरूमा देखिएको अस्थिरता र दोहोरो चरित्रका कारण स्टन्टबाजी र पपुलिस्ट प्रवृत्तिले फाइदा लिन थालेको उल्लेख गरिएको छ। यस्ता समूहसँग स्पष्ट नीति, कार्यक्रम र दर्शन नभई केवल चर्का नाराका आधारमा भ्रम सिर्जना गर्ने प्रयास भएको जनाइएको छ।

सामाजिक सञ्जाल र विद्युतीय सञ्चार माध्यमबाट गलत र तथ्यहीन सूचना फैलिँदा सर्वसाधारण भ्रमित हुने अवस्था आएको उल्लेख गरिएको छ। कृत्रिम बुद्धिमत्ताको प्रयोग सम्बन्धी स्पष्ट कानूनी व्यवस्था अभावका कारण यसको दुरुपयोग बढेको र त्यसले जनमतमा असर पारेको प्रतिबद्धता-पत्रमा उल्लेख छ।

**'सुखी नेपाली, समृद्ध नेपाल' कार्यक्रमको निरन्तरता**

एमालेले अघि सारेको 'सुखी नेपाली, समृद्ध नेपाल' कार्यक्रमलाई नारा मात्र नभई विकासको दीर्घकालीन मार्गचित्रका रूपमा प्रस्तुत गरिएको छ। जनताको सहभागिता र कार्यकर्ताको सक्रियतामा आधारित पार्टीका रूपमा एमालेले विगतका उपलब्धिको संरक्षण गर्दै अधुरा काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएको छ।

निर्वाचनमा बिजयपछि क्षेत्रको समग्र विकासका लागि प्राथमिकताका आधारमा योजना कार्यान्वयन गरिने प्रतिबद्धता-पत्रमा उल्लेख गरिएको छ।

**सुशासन र भ्रष्टाचार नियन्त्रण प्राथमिकतामा**

प्रतिबद्धता-पत्रमा राजनीतिक अस्थिरताका कारण अपेक्षित सुशासन कायम हुन नसकेको उल्लेख गर्दै सुशासनलाई प्राथमिकता दिइने जनाइएको छ।

भ्रष्टाचार नियन्त्रणका लागि कार्यक्रमसहित प्रभावकारी



कदम चालिने र यसमा शून्य सहनशीलताको नीति अपनाइने उल्लेख गरिएको छ।

विगतमा एमाले नेतृत्वको सरकारले भ्रष्टाचार नियन्त्रणमा पहल गरेको र आगामी दिनमा त्यसलाई थप सशक्त बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

**पूर्वाधार विकासलाई आर्थिक समृद्धिको आधार**

भौतिक पूर्वाधार विकासलाई आर्थिक प्रगतिको आधार मान्दै सडक, पुल, भवन, अस्पताल, खेलमैदान र अन्य संरचना निर्माणलाई तीव्रता दिइने प्रतिबद्धता जनाइएको छ। अधुरा आयोजना सम्पन्न गर्ने, सडक स्तरोन्नति गर्ने र नयाँ संरचना निर्माण गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ।

दमक-चिसापानी-रवि सडक निर्माण, विभिन्न खोलामा तटबन्धन, पुल निर्माण, बजार आधुनिकीकरण र स्मार्ट सिटी कार्यक्रम कार्यान्वयन गर्ने विषयलाई प्रतिबद्धता पत्रमा समेटिएको छ। दमकमा प्रस्तावित औद्योगिक पार्क, रंगशाला, विज्ञान पार्क र पर्यटकीय क्षेत्र विकासलाई पनि प्राथमिकतामा राखिएको छ।

**सामाजिक विकास र जनजीवन सुधारका कार्यक्रम**

प्रतिबद्धता पत्रमा भूमिहीन, दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने, विपन्न आवास कार्यक्रमलाई निरन्तरता दिने र स्वास्थ्य बीमा सेवा विस्तार गर्ने उल्लेख गरिएको छ।

सामुदायिक विद्यालय र क्याम्पसको भौतिक तथा शैक्षिक स्तर सुधार, कृषि आधुनिकीकरण, सिञ्चाइ विस्तार, जैविक मल कारखाना स्थापना तथा खाद्यान्नमा आत्मनिर्भरता हासिल गर्ने कार्यक्रमलाई पनि प्राथमिकतामा राखिएको छ।

प्रत्येक पालिकामा सुविधा सम्पन्न खेलमैदान निर्माण, अस्पताल स्तरोन्नति, खानेपानी आयोजना सम्पन्न गर्ने र प्रत्येक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने प्रतिबद्धता जनाइएको छ।

**कृषि, पर्यटन र आर्थिक गतिविधि विस्तारमा जोड**

प्रतिबद्धता पत्रमा कृषि उत्पादन वृद्धि, बजार व्यवस्थापन, शीतभण्डार निर्माण तथा नमूना खेती विस्तार गर्ने उल्लेख गरिएको छ। विभिन्न सिमसार, धार्मिक तथा सांस्कृतिक स्थललाई संरक्षण गर्दै पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने कार्यक्रम पनि समेटिएको छ। औद्योगिक क्षेत्र विस्तार, बजार आधुनिकीकरण र स्थानीय आर्थिक गतिविधि विस्तारमार्फत रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको प्रतिबद्धता-पत्रमा उल्लेख गरिएको छ।

**निर्वाचन जितेपछि प्रतिबद्धता कार्यान्वयन गर्ने घोषणा**

प्रतिबद्धता-पत्रमा झापा क्षेत्र नं. ५का मतदातासँग समर्थन माग्दै निर्वाचनपछि घोषणा गरिएका कार्यक्रम कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। विकास, सुशासन र समृद्धिलाई केन्द्रमा राख्दै क्षेत्रको समग्र रूपान्तरण गर्ने लक्ष्य प्रतिबद्धता-पत्रमा प्रस्तुत गरिएको छ।

## जोखिममा ...

मा २३ हजार ४११ मत प्राप्त गरेको थियो। यो परिणामले झापामा एमालेको संगठनात्मक आधार अझै बलियो रहेको संकेत गर्छ।

दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले कूल १ लाख ६८६ मत प्राप्त गरेको थियो। कांग्रेसको सबैभन्दा बलियो उपस्थिति क्षेत्र नम्बर १ र ३मा देखिएको थियो। जहाँ उसले क्रमशः २५ हजार ४२० र २५ हजार ५३५ मत प्राप्त गरेको थियो। तर अन्य क्षेत्रमा मत तुलनात्मक रूपमा कम हुँदा समग्र मतसंख्या एमालेभन्दा उल्लेख्य रूपमा कम रह्यो।

तर, नयाँ दलको रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले ७७ हजार ४४४ मत प्राप्त गर्दै झापामा तेस्रो शक्तिका रूपमा आफ्नो उपस्थिति स्थापित गरेको थियो। विशेषगरी क्षेत्र नम्बर २मा २२ हजार ५१७ र क्षेत्र नम्बर ५मा १८ हजार २०५ मत प्राप्त गर्नुले शहरी तथा युवा मतदातामाझ यसको प्रभाव विस्तार भएको देखिन्छ।

परम्परागत रूपमा झापामा प्रभाव राख्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले ४६ हजार ४६६ मत प्राप्त गर्दै चौथो स्थानमा रहेको छ। राप्रपाको सबैभन्दा बलियो क्षेत्र नम्बर ३ रहेको छ, जहाँ उसले १९ हजार ७४३ मत प्राप्त गरेको छ। यसले केही क्षेत्रमा राप्रपाको स्थिर जनाधार रहेको पुष्टि गर्छ।

त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले कूल ३१ हजार ६६६ मत प्राप्त गरेको थियो। माओवादी केन्द्रको प्रभाव क्षेत्र नम्बर ५ मा बढी देखिएको थियो। जहाँ उसले ८ हजार ६८० मत प्राप्त गरेको छ। अन्य क्षेत्रमा भने मत तुलनात्मक रूपमा कम रहँदा समग्र प्रतिस्पर्धामा पछि परेको देखिन्छ।

**एमाले, कांग्रेस र राप्रपालाई विरासत जोगाउन चुनौति**

राष्ट्रिय राजनीतिमा प्रभाव जमाएका शीर्ष नेता झापाका विभिन्न निर्वाचन क्षेत्रमा उम्मेदवार बनेका छन्। एमाले अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, एमालेका नेता तथा निर्वतमान सभामुख देवराज घिमिरे सहितका शीर्ष नेताहरुलाई आफ्नो विरासत जोगाउन यो निर्वाचन चुनौतिपूर्ण बन्ने आंकलन गरिएको छ।

गएका निर्वाचनमा दलहरुले चुनावी गठबन्धन गरेर निर्वाचनमा होमिने गरेका थिए। तर, यस पटक दलहरुले चुनावी तालमेल नगर्दा आफ्नै मतदाताको भरमा बिजय हासिल गर्नुपर्ने हुन्छ। यस्तो अवस्थामा झापा ५मा राप्रपाको काँधमा चढेर चुनाव जित्दै आएका एमाले अध्यक्ष ओलीलाई सकस देखिएको छ।

यता एमालेको बुई चढेर दुईपटकसम्म निर्वाचन जितेका राप्रपा अध्यक्ष लिङ्देनलाई पनि आफ्नो विरासत जोगाउन हम्मे पर्ने देखिएको छ। झापा ३ र ५ मात्र होइन झापा २ पनि राष्ट्रिय राजनीतिमा चासोका रुपमा हेरिएको छ। यसअघिका निर्वाचनमा कुनैपनि सांसदले दोस्रोपटक बिजय हासिल गर्न नसकेको यस क्षेत्रमा विगतका इतिहास दोहोरिने सम्भावना कायम रहँदा निर्वतमान सांसद घिमिरेलाई संकट पैदा भएको छ।

उनलाई आफ्नै पालाकी उपसभामुख भारी पर्ने विश्लेषण हुन थालेको छ। यस क्षेत्रमा शहरी क्षेत्रका मतदाताले हरेक निर्वाचनमा मत परिर्वतन गर्ने गरेकाले पनि यसपटक घिमिरेलाई संकट देखिएको छ। राप्रपासँग गठबन्धन गरेको एमालेले २०७९को प्रतिनिधिसभा सदस्य प्रत्यक्षतर्फ झापा ५मा आफ्ना उम्मेद्वार केपी शर्मा ओलीलाई ५२ हजार ३ सय १९ मतका साथ निर्वाचित गराएको थियो। जबकि सो निर्वाचन क्षेत्रमा एमालेको समानुपातिक मत ३५ हजार ८ सय ७२ मात्र छ।

तर, उदीयमान शक्तिको रुपमा देखा परेको रास्वपाको समानुपातिक मत १८ हजार २ सय ५ रहेको छ। यही निर्वाचन क्षेत्रमा राप्रपाको मत ७ हजार ३ सय ७० छ।

एमालेको गठजोडको बलमा यता झापा ३मा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन ४० हजार ६ सय ६२ मतका साथ निर्वाचित भए। तर, राप्रपाको यो निर्वाचन क्षेत्रमा कूल समानुपातिक मत १९ हजार ७ सय ४३ मात्र छ। यो निर्वाचन क्षेत्रमा नेपाली कांग्रेसको मत २५ हजार ५ सय ३५ छ।

झापा २मा पनि राप्रपासंगको गठबन्धनमा एमालेका उम्मेदवार देवराज घिमिरे २८ हजार ७ सय १६ मत प्राप्त गर्दै निर्वाचित भए। यो निर्वाचन क्षेत्रमा एमालेको समानुपातिक मत २६ हजार ४ सय ९० मात्र छ। जबकि यो निर्वाचन क्षेत्रमा रास्वपाको समानुपातिक मत २२ हजार ५ सय ७० रहेको छ।

त्यसो त झापा २मा नेपाली कांग्रेसको मत १५ हजार ४ सय ९८ रहेको छ। यही निर्वाचन क्षेत्रमा राष्ट्रिय प्रजातन्त्र पार्टीको समानुपातिक मत ७ हजार ८ सय ८० रहेको छ।

२०७९को प्राप्त समानुपातिक मत परिणामलाई विश्लेषण गर्ने हो भने उदीयमान शक्तिका रुपमा देखापरेको राष्ट्रिय स्वतन्त्र पार्टी झापामा तेस्रो मताभारसहित सशक्त रुपमा चुनावी मैदानमा उत्रिएको छ। ठूला दलले सभा सम्मेलनसहितको घर दैलो गरिरहेपनि रास्वपा 'गोताखर' शैलीमा मतदाताको घर-घरमा पुगेर मत आफ्नो पक्षमा पर्ने रणनीतिसहित अगाडि बढेको छ।

२०७९को निर्वाचनमा प्रतिनिधिसभातर्फ कूल ६ लाख ६५ हजार ७ सय १९ मतदातामध्ये समानुपातिकतर्फ ४ लाख ३७ हजार ९ सय २४ मत खसेको थियो। जसमा सदरमत ४ लाख १६ हजार ५ रहेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ। ६५ दशमलव ७७ प्रतिशत मत खस्दा ५ दशमलव २७ प्रतिशत मत बदर भएको थियो।

## होस्टल ...

काउन्टरमा खैरो हेरोइन भेटिएको थियो। आरोपीबिरुद्ध प्रहरी वृत्त नयाँ बानेश्वरले लागूऔषध मुद्दामा म्याद लिएर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईले बताए।

## कसरी ...

लाइटमा हेर्दा सगरमाथाको आकृति, गभर्नरको सही तथा नोटका नम्बरहरू टल्किन्छन्।

त्यस्तै पाँच सय रुपैयाँको नोट हेरेर चिन्नका लागि नोटलाई प्रकाशतर्फ पारेर हेर्दा लालीगुराँसको पानी छाप देखिन्छ। पूर्ण रूपमा एनआरबी बनेको देखिन्छ। सुरक्षा धागोमा 'एनआरबी ५००' र बाघको आकृति देखिन्छ।

यो नोट छाम्दा खस्रो हुन्छ। दृष्टिविहीनहरूको सहजताका लागि दुई वटा थोप्ला हुन्छन्, जुन छाम्दा उठेको महसुस हुन्छ। नोट ढल्काएर हेर्दा सुरक्षा धागोको रङ रातोबाट हरियोमा परिवर्तन हुन्छ।

यस्तै, नोटमा रहेको कुबेरको रङ सुनौलोबाट हरियो हुन्छ। मेसिनबाट थाहा पाउन युभी लाइटमा सगरमाथाको आकृति, गभर्नरको सही र नोटका नम्बरहरू टल्किन्छन्।

बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा

निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### मतदाताको दायित्व

**आउँदो फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको औपचारिक प्रचारप्रसार शुरु भएको छ । निर्वाचन आयोगले निर्धारण गरेको समयसीमा अनुसार सोमबारदेखि उम्मेदवारहरु औपचारिक रुपमा मतदाता सामु जान थालेका हुन् । यसो त मनोनयन दर्तापछि नै उम्मेदवारहरु घरदैलो कार्यक्रममा लागिसकेकै थिए, तर अब भने सबै दलका उम्मेदवार तथा स्वतन्त्रतर्फबाट उम्मेदवारी दिएकाहरु पनि आफ्ना दलका घोषणापत्र र कार्ययोजनासहित भने दलबलका साथ प्रचारमा सामेल हुन पाएका थिएनन् । निर्वाचन आयोगले यसपटकको निर्वाचनमा आचारसंहितामा थप कडाइ गर्दै त्यसको उल्लंघन भएको पाइए उम्मेदवारी नै रद्द हुनेसम्मको व्यवस्थामा सबै दलका प्रतिनिधिहरुलाई सहमतिको हस्ताक्षर गराएको छ ।**

**निर्वाचन आयोगले आसन्न निर्वाचनका लागि औपचारिक कार्यक्रमसहित प्रचारप्रसार गर्ने अवधि फागुन ४ देखि १८ गतेसम्मका लागि तोकेको छ । त्यही समयसीमा र अवधिका आधारमा शुरु भएको प्रचारप्रसारका क्रममा आमसभा, कोणसभा, जुलुस र सामुहिक घरदैलो कार्यक्रम सञ्चालन हुन थालेको हो । फागुन १८ गतेपछिको मतदानभन्दा अघिको अड्चालीस घण्टा मौन अवधि रहने र त्यस अवधिमा कसैले पनि प्रचारप्रसार गर्न पाउने छैनन् । निर्वाचन स्वच्छ, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न ६४ बुँदे निर्देशन समेत जारी गरेको आयोगले जनाएको छ ।**

**निर्वाचन आयोगले निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतालाई उच्च प्राथमिकतामा राख्दै आचारसंहिताको पूर्ण पालना गर्न सबै दल र उम्मेदवारलाई आग्रह गरेको छ । उनीहरुले आचारसंहिताको पालना गरे–नगरेको, अनुगमनका लागि विभिन्न संयन्त्र परिचालन गरिएको आयोगले जनाएको छ । आचारसंहिता उल्लंघनमा शून्य सहनशीलताको नीति अपनाएको उल्लेख गर्दै कर्यवाहक आयुक्त रामप्रसाद भण्डारीले उल्लंघन भएको पुष्टि भए सचेत गराउनेदेखि जरिवाना वा उम्मेदवारी खारेज गरिने चेतावनी दिएका छन् । जेन–जी बिद्रोहले उत्पन्न गरेको विशेष परिस्थितिको आसन्न निर्वाचनमा दल तथा उम्मेदवारहरु आ–आफ्ना ढंगले मतदाता आकर्षित गर्न प्रतिष्पर्धा गर्नेछन् । तर, सार्वभौम मतदाताले विगतका घटनाक्रमको मूल्यांकन गरी विवेकपूर्ण निर्णय गर्नुपर्छ । विगतमा मतदातालाई आशा र भरोसाको आश्वासन दिएकाहरुले पदमा पुगेपछि गरेको कामको मूल्यांकन गर्दै मतदान गर्नुपर्छ । त्यसैले देशलाई अघि बढाउन असल, योग्य, सक्षम व्यक्तिको छनौट गर्न आवेग, लोभ वा स्वार्थबाट माथि उठेर संयम्, धैर्यको प्रयोग गर्नुपर्छ । त्यसका लागि आममतदाता नै चनाखो र विवेकशील हुनुपर्छ ।**

# युवा चेतको परीक्षण



मोहन नेपाली



नेपालको राजनीतिक इतिहासमा हामीले चुनाव पटक-पटक व्यहोरिसकेका छौं । आवधिक रूपमा हुने सङ्घीय निर्वाचन २०८४ मा हुनुपर्थ्यो तर अहिले नै अर्थात् २०८२ मै हुँदैछ । यो कुनै संसदीय अङ्कगणितको खेलबाट हुन लागेको मध्यावधि निर्वाचन होइन । मुलुकमा भ्रष्टाचार बढिरहँदा भदौ २३ र २४ मा भएको जेन-जी विद्रोहको शान्तिपूर्ण ढङ्गले व्यवस्थापन गर्नुका साथै सक्षम तथा अद्यावधिक चेतयुक्त युवा सहभागितामा नेपाली लोकतन्त्रको प्रभावकारी नवीकरण गर्न फागुन २१ मा निर्वाचन हुन लागेको हो । यस अर्थमा यो निर्वाचन तात्विक रूपले विशेष महत्त्वको छ ।

नेपालमा १६ देखि ४० वर्षसम्मको जनसंख्यालाई युवा मानिन्छ । यहाँ जनसंख्याको ४० प्रतिशतभन्दा बढी युवापुस्ताले ओगटेको छ । यस हिसाबले करिब एक करोड सात लाख युवा रहनु भनेको जनसंख्याको सबैभन्दा ठूलो हिस्सा युवापुस्ताको रहेको देखिन्छ । बालिग मतदाताको सूची, सामाजिक सञ्जालका प्लेटफर्म, आर्थिक तथा औद्योगिक गतिविधि, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय श्रम बजार, खेलकुद, कला, संस्कृति, साहित्य आदि सबै क्षेत्रमा युवाको उपस्थिति निर्णायक देखिन्छ । तर, राजनीतिक दललाई जुरुक्कै बोकेर हिँड्ने र नेतृत्वको रक्षाकवचको भूमिकामा युवा उपस्थिति छर्लङ्ग हुँदाहुँदै पनि समग्र राजनीतिमा युवाको नेतृत्वदायी एवम् नीति निर्माण सम्बन्धी भूमिका लगभग नहुनु वा ज्ञान, गुण र विज्ञानमा पोख्त युवा राजनीतिक दिग्दर्शन गर्ने ठाउँमा नहुनु चाहिँ विडम्बना हो ।

अदम्य ऊर्जा प्रवाहित हुने उमेरका युवालाई स्वदेशको उत्पादनमुखी अर्थतन्त्रको अभिवृद्धि गर्ने र राष्ट्रिय उत्पादकत्व बढाउने कार्यमा परिचालन गर्नुभन्दा पनि विदेशतिरै पठाउनुलाई एक नम्बरको उपाय जस्तो ठानिनु सही होइन । विदेश जानु नै मुख्य समाधान भन्ने वातावरणको अन्त्य होस् भन्ने धेरैको चाहना छ । वास्तवमा जेन-जी विद्रोहले युवा नेतृत्वका लागि ढोका खोलिदिएको छ, सदुपयोग/दुरुपयोग आफ्नो ठाउँमा छ । यस तथ्य माथि आत्मसमीक्षा अपरिहार्य छ ।

युवालाई राजनीतिक नेतृत्वदायी वा निर्णायक भूमिकामा लामो समयदेखि कायम निषेधको परिणाम युवाको राजनीतिप्रति तथा स्थापित नेतृत्वप्रतिको विश्वास ह्वात्तै घट्न गयो । त्यस्तै आममानिसमा विद्यमान राजनीतिक कार्यसम्पादन प्रति दिक्दारीपन बढ्न पुग्यो । लाखौं युवाको विदेश पलायनको कथा भीमकाय एजेन्डाका रूपमा सामाजिक मनोविज्ञानमा गढ्यो । युवाले राजनीति हेर्ने, जयजयकार गर्ने तर त्यसप्रति आस्था नराख्ने स्थिति बन्दै गयो । हो, पाँच महिनाअघिको जेन-जी विद्रोहले त्यो चक्र तोड्ने सङ्केत गरेकोमा त्यस परिवर्तनकारी अपेक्षाको निरन्तरता स्वरूप निर्वाचन हुँदैछ । अब समग्रतामा नेपाली राजनीतिमा युवा गुनासोकर्ता र ताली पड्काउने मात्र होइन, गुनासो सुन्ने तथा हस्तक्षेप गर्ने भूमिकामा समेत आउलान् भने अपेक्षा गरिएको छ ।

निर्वाचन लोकतन्त्रमा नौलो विषय होइन । यद्यपि फागुन २१ मा हुन लागेको निर्वाचन जेन-जी विद्रोहको जगमा उभिएको छ भन्ने हेक्का विवेकशील नागरिकले नराख्ने प्रश्न उठ्दैन । औपचारिकता वा परम्पराको निरन्तरता हुनुहुन्न, यो निर्वाचन । नेपालको संस्थागत राजनीतिक शक्ति र जेनजी विद्रोहबीचको अन्तरद्वन्द्वात्मक संवादका रूपमा यो निर्वाचन हुँदैछ र यसमा युवापुस्ता केन्द्रविन्दुमा छन् ।

नेपाली युवा लोकतन्त्रलाई नवप्रवर्तनात्मक पद्धति र गतिशील प्रणालीको रूपमा अगाडि बढाउन उत्साहित देखिनु सकारात्मक कुरो भएकाले यस पक्षलाई निषेधको मनोविज्ञानबाट प्रेरित भएर नकारात्मक चित्रण गर्नु भनै बढी प्रत्युत्पादक हुने देखिन्छ । बरु मध्यमार्गी दर्शनलाई अँगालेर देशको कुनै कुनामा पनि अतिवाद फस्टाउने वातावरण नबनोस् भन्नेतर्फ सबै सरोकारवाला पक्षले कसरत गर्नुपर्ने बेला हो, यो ।

विद्रोहको मूल मर्मसँग सायदै कोही अनभिज्ञ होला । नवपुस्ताको पहलमा भएको विद्रोहले चहकिलो पारेको सुशासनको मुद्दा मोटो सूत्र हो, जसलाई मिडिया बहसमा विस्तृत रूपमा फुकाएर रचनात्मक विश्लेषण गर्नु जरुरी थियो, जुन हुन सकिरहेको छैन । किन सुशासन भएन, बाधक तत्वहरू के-के हुन्, निर्वाचन पछि आउने नेतृत्वदायी शक्तिले तिनको निराकरण कसरी गर्न सक्छ, मानव अधिकार र विकासका सूचकाङ्कमा फड्को मार्ने अबको नीति, रणनीति र कार्यक्रम के हुन सक्छन्, सुशासनका निम्ति नेतृत्वमा आवश्यक पर्ने मापदण्ड के-के हुन सक्छन् भन्ने सवालमा रचनात्मक बहस आवश्यक छ । मिडिया सधैं झैं कसको ठाउँमा को पुग्ने भन्ने प्रश्नमा मात्र केन्द्रित बन्नुभन्दा कम्तीमा पनि कोसँग केकति भरपर्दो ज्ञान, गुण र वैज्ञानिकता छ भन्ने कुरा नागरिकसमक्ष उजागर गर्ने प्रयत्नमा रहनु उचित हुन्छ ।

भदौ २३ र २४ को जेनजी विद्रोह झट्ट हेर्दा आक्रोशको राजनीति जस्तो लागे पनि यसको तात्विक पक्ष निकै विचारणीय छ । यो नवयुवा विद्रोह पीडाजन्य अनुभवबाट जन्मिएको चेत हो । नेपाली नवयुवाले अन्धाक्रोश पोखेको होइन । यहाँको युवापुस्ता वैश्विक ज्ञान, विज्ञान र परिवर्तनबाट अनभिज्ञ छैन । चरम भ्रष्टाचारको अलावा, वेरोजगारी, युवाको विदेश पलायन, सबै क्षेत्रमा विद्यमान असमानता, सर्वत्र विचौलिया सञ्जालको घेरा, अस्वाभाविक महँगी, दण्डहीनता जस्ता विषय युवापुस्ताले समेत प्रशस्त भोगेको हुँदा उनीहरूको युगीन प्रकटीकरणलाई कसैले खारेज गर्न सक्दैन । जब जनप्रतिनिधित्वको थलो संसद् जनताको ज्वलन्त मुद्दामा केन्द्रित हुनुको साटो 'टग अफ वार' अर्थात् रस्साकस्सीमा व्यस्त हुन्छ तब जनआवाज सडकमा एकत्रित हुन थाल्छ । चुनिएर आउनेवाला जनप्रतिनिधिले ध्यान दिन योग्य विषय हो, यो । यो कोणबाट हेर्दा भदौ २३ र २४ को विद्रोहमा मात्र आक्रोश होइन, बरु तथ्य, धरातलीय यथार्थले उब्जाएको प्रश्न र समाधानमुखी सोच पनि भेटिन्छ ।

सक्षम युवा प्रतिनिधि कति छानिन्छन्, महिला कति निर्वाचित हुन्छन्, शिक्षा र स्वास्थ्यलाई नेपाली समाजको आमूल परिवर्तनका लागि सबैभन्दा ठूलो मुद्दा र नैसर्गिक मानव अधिकारका रूपमा प्रत्याभूत गरिनुपर्ने अवधारणाले प्राथमिकता पाउँछ कि पाउँदैन जस्ता विषयले युवा चेतको झलक दिनेछ । चिटिक्क परेको घोषणापत्र मात्र पनि पर्याप्त हुने छैन । दलभित्रको आन्तरिक संरचना, समावेशीका विशेषता, विद्यमान नेतृत्व तहमा युवा प्रतिनिधित्वको स्थिति, नेतृत्वको अहिलेसम्मको भनाइ र गराइबीचको तालमेलको स्थिति, शीर्ष नेतृत्व तहबाट त्यसभन्दा मुनिका सबै एकाइ र विषयगत संरचनामा नैतिक प्रशिक्षण प्रवाहको स्थिति आदि पनि मतदाताका निम्ति मूल्याङ्कनका पक्ष हुन सक्छन् ।

परिवर्तनको द्योतक मानिने फागुन २१ को निर्वाचनमा खासगरी युवापुस्ताले ख्याल राख्नुपर्ने त्यत्तिकै महत्त्वपूर्ण मुद्दा दलसँग भरपर्दो किसिमको उत्पादनमुखी तथा निर्यातमुखी अर्थनीति छ कि छैन भनेर हेर्नु हो । यसका साथै उच्च शिक्षालाई युवा उद्यमशीलता र ग्राह्य वित्तीय प्रावधानसँग जोड्ने विश्वासिलो आधार पनि जागरुकताका साथ खोजी गर्नुपर्नेछ । युवा चेतको ऐतिहासिक परीक्षण फागुन २१ मा हुने छ भन्दा अतिशयुक्ति हुने छैन । शान्तिपूर्ण विद्रोहको एजेन्डालाई लोकतान्त्रिक तरिकाले परीक्षण गर्ने कार्यले द्वन्द्व व्यवस्थापनमा संवाद संस्कृतिको सार्थकतालाई नै इङ्गित गर्छ । जेनजी विद्रोह सडकबाटै सत्ता कब्जा गर्ने विद्रोह थिएन । त्यो त लोकतान्त्रिक पद्धति र संरचनामा नवयुवा तथा युवा उत्तराधिकारीको अहम् भूमिका र जिम्मेवारी संस्थापित गर्ने लोकतन्त्रभित्रकै लोकतान्त्रिक विद्रोह थियो ।

उक्त विद्रोह सुशासनका मूलभूत मापदण्डको कडाइपूर्वक कार्यान्वयन गर्न गराउनका लागि र लोकतन्त्रलाई नयाँ गतिशीलता र तीव्रता दिन विशेषतः नवयुवाको हस्तक्षेप थियो किनभने पुरानै चिन्तन, कार्यशैली र बहानाले नेपालको राजनीति नचल्ने स्थिति पैदा भएकै हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'उद्देश्य के लिनु, उडी छुनु चन्द्र एक' भने झैं फागुन २१ मा हुने प्रतिनिधि सभाको निर्वाचनलाई सुशासनसहितको उच्च उपलब्धितर्फको सकारात्मक परिवर्तनको ध्येयका साथ ग्रहण गर्नु बुद्धिमानी हुन्छ । अतः यस निर्वाचन विशेषतः नेपाली युवा चेतको पछिल्लो परीक्षण हुने देखिन्छ । गोप

# ग्याल्पो ल्होसारको विशेषता र महत्व



सांस्कृतिक सम्पदामा धनी देश नेपालमा जातजाति र समुदायको आ-आफ्नै परम्परागत चाड पर्वहरु छन् । आफ्नै जातीय तथा धार्मिक परम्परा अनुसार नयाँ वर्ष मनाउने चलन पनि छ । यसै अन्तर्गत महायान बौद्ध धर्मालम्बी तथा हिमाली शेर्पा समुदायको नयाँ वर्ष अर्थात् ग्याल्पो ल्होसारको आगमन भएको छ । धार्मिक र सांस्कृतिक चाडहरुले समुदायहरुको पहिचानमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

तोला ल्होसार, सोनाम ल्होसार र ग्याल्पो ल्होसारको नामबाट प्रचलनमा रहेको पाइन्छ । नेपालको हिमाली र पहाडी क्षेत्रहरुमा बसोबास गर्ने आदिबासी जनजातिहरु शेर्पा, भोटे, तामाङ, गुरुङ, ह्योल्मो, डोल्पो, मनाङगे तथा मंगोल समुदायले मनाउने ल्होसारको शाब्दिक अर्थ लो बन्नले वर्ष वा साल भन्ने हुन्छ भने सार को अर्थ नयाँ भन्ने हुन्छ । यसैले लोसारको अर्थ नयाँ वर्ष वा नयाँ साल भन्ने बुझिन्छ । हिमाली बौद्ध समुदायमा नाग्ची ज्योतिषशास्त्र प्रचलित छ, यो पात्रो अनुसार १२ वर्षको एक चक्र हुन्छ र प्रत्येक वर्षलाई विभिन्न जीवजन्तुको नामबाट नामकरण गरिएको हुन्छ ।

जसअनुसार क्ष्यू मो ह्ये लो ग्याल्पो ल्होसार मंगलबारबाट शुरु हुन्छ । मुसा, गोरु, बाघ, खरायो, मेघ, सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र सुँगुर गरी १२ वर्गमा विभाजन गणना गरिन्छ । दोतु अनुसार भोलिबाट बाघ वर्ष पूरा भई नयाँ चक्र खरायो वर्ष शुरु भएको छ । ग्याल्बो ल्होसार फागुन शुक्ल प्रतिपदाको दिनदेखि शुरु हुन्छ । विक्रम सम्वत, भारतको राजा विक्रम अदित्यको नामबाट शुरु भए जस्तै भोटको पहिलो राजा ड्याठी चेन्बोबाट शुरु भएको भोट सम्वतलाई आधार मानेर नयाँ वर्ष मनाउने भएकोले यो ल्होसारलाई ग्याल्वो ल्होसार भनिएको भन्ने तथ्य हिमाली क्षेत्रहरुमा प्रचलित बृहत शब्द कोषहरुमा उल्लेख गरेको पाइन्छ, जस अनुसार यो वर्ष २१५०औं ह्यो लो (खरायो वर्ष)को ल्होसार हो ।

यसको साथै ग्याल्पो ल्होसारको छुट्टै धार्मिक महत्व पनि रहेको छ । बौद्धग्रन्थ अनुसार शाक्यमुनि बुद्धले आफ्नो ऋद्धि शक्ति प्रदर्शन गरी छ जना अबौद्ध साधुहरुलाई पराजित गरेको दिनहरु फागुन शुक्ल प्रतिपदादेखि फागुन पूर्णिमासम्म पर्ने भएकोले यस अवधिलाई बिजय उत्सवको रुपमा धुमधामका साथ मनाइने भएकाले धार्मिक दृष्टिकोणले पनि यो पर्व महत्वपूर्ण रहेको छ ।

विभिन्न समुदायले फरक समयमा विभिन्न नामबाट ल्होसार मनाएता पनि यसको अर्थ र महत्वमा कुनै भिन्नता रहेको पाइँदैन । सबैले ल्होसारलाई नयाँ वर्षको रुपमा धुमधामका साथ मनाउने गरिन्छ । शेर्पाहरुले लोसार शुरु हुनु पूर्व एक महिना अगाडि नै शुभसाइत हेरि ल्होसारको सगुनको लागि चाहिने जाँड पकाउने चलन छ । त्यसैगरी १५ दिन अगाडि सानो गमलामा नयाँ पालुवाका लागि गहुँ, जौ, मकै, उवा आदिको बिऊ राखेर च्याङमा अर्थात् जमरा उमारिन्छ ।

यसरी उम्रेको नयाँ पालुवालाई ल्होसारको दिन नयाँ सालको नयाँ बालीको रुपमा पूजाकोठामा राखिन्छ । यसका साथै घर गुम्बा, तीर्थस्थल र चौताराहरु सफासुग्घर गरी लिपपोत गरेर रङरोगन गर्ने र घरमा भएका भाँडाकुडाहरुको सरसफाई गर्ने गरिन्छ । गुम्बाहरुमा लामाहरुले पूजापाठ पनि गरिन्छ । उक्त दिन बेलुका विशेष परिकार 'गुथुक' खाने चलन छ, जुन नौ थरी अन्न तथा गेडागुडी मिसाएर पकाएको हुन्छ ।

ल्होसारको अघिल्लो दिन कृष्णपक्ष औंशीको दिन छ्योसम अर्थात् पूजाकोठामा पहिला पकाएको (याङछाङ), छिमार, जमरा, खप्से, बिस्कुट, मिठाई, फलफुलहरु मिलाएर सजाउँछन् । खप्से भन्नाले मैदामा चिनी, नुन, दूध र घिउ मिसाएर बिभिन्न आकारमा बनाएको विशेष रोटी हो भने छिमार भनेको सातुमा नौनी घिउ, मह, चिनी, दूध मिसाएर बनाएको प्रसाद भने याङछाङ भनेको अमृतको रुपमा वितरण गरिने जाँड हो । ल्होसारको पहिलो दिन एकाबिहानै तालतैया वा धारा कुवामा गइ स्नान गरेर नागको पूजा गरी घ्यूको टीका लगाई फलफूल र धुपबत्ती चढाउने गरिन्छ ।

यसो गर्दा कुल देवाता खुशी हुने विश्वास गरिन्छ । पूजापाठ सकिएपछि घरको मुली व्यक्तिले छिमार (सगुनको प्रतिक सेतो पिठोको परिकार) र अमृत जल (छयाङ फु) लाई तीन पटक आकाशतिर छर्किसकेपछि एक चम्चा हत्केलामा राखेर खाने गर्छ र अलिकति सगुनको लागि दाया कुममा छर्किन्छ । छिमार सँगै छयाङ्फु (अमृत जल) पनि लिइन्छ । घरपरिवारका सबैले छिमार खाइसकेपछि चामलमा घिउ, काजु, किसमिस, बदाम, नरिवल आदि मिसाएर बनाएको डेसिल खान्छन् ।

त्यसैगरी छ्याङमा पिठो, छुर्पी, चिनी, हालेर पकाएको छ्याङखुल, खप्से र अन्य खानाका परिकारहरु खादै मनोरञ्जन गर्दै रमाइलो गर्दछन् । ल्होसारको पहिलो दिन घरपरिवारमै रमाइलो गरी मनाउँछन् र दोस्रो दिनदेखि मात्र आफ्ना दाजुभाइ, दिदिबाहिनी, इष्टमित्र र छरछिमेकमा गई ल्होसारको शुभकामना आदानप्रदान गर्ने चलन छ । यो क्रम १५ दिन अर्थात् पूर्णिमासम्म जारी रहन्छ ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, तर परिवारजन बिमुख हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, शुभ खबर सुनिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, शुखद् खबर सुनिने छ व्यापारमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्नेछ योग छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला, बेलुकी पख शुभ समाचार आउने छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
आज तपाईको यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
बोलिको भरमा काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनुहोला, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
मनमा खुशी तथा उमँग बढेर जानेछ, अधिक खर्च हुने समय छ, मावली पक्षबाट शुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
मन शान्त रहने छ, पारिवारिक कारणले मनमा खुशी बढ्ने छ, यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ, खर्चिलो योग रहेको छ ।

**मिति २०८२/११/०५ मंगलबारको**
**सुनचाँदी मूल्य**



**छापावाला**
सुन प्रति तोला
रु. ३,०१,९००।-



**चाँदी**
प्रति तोला
रु. ४,८८५।-

# आइएमईले प्रहरीलाई दियो वाटर डिस्पेन्सर




**बिर्तामोड, फागुन ५।** आइएमई लाइफ इन्स्योरेन्स कम्पनीले इलाका प्रहरी कार्यालय अनारमनी र जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई वाटर डिस्पेन्सर हस्तान्तरण गरेको छ ।

आफ्नो सामाजिक उत्तरदायित्व (सीएसआर) कार्यक्रम अन्तर्गत इलाका कार्यलय अनारमनी र जिल्ला ट्राफिक कार्यालय बिर्तामोडमा वाटर डिस्पेन्सर हस्तान्तरण गरेको हो । एक कार्यक्रमका बीच उक्त उपकरण प्रदान गरिएको आइएमई लाइफ इन्स्योरेन्सका बिर्तामोड ब्रञ्चका प्रमुख महेन्द्र तिम्सिनाले जानकारी दिए ।

सार्वजनिक सेवा प्रवाहलाई थप सहज, व्यवस्थित तथा सेवाग्राही मैत्री बनाउने उद्देश्यका साथ सामाजिक उत्तरदायित्व अन्तरगत सहयोग गरेको कोशी प्रदेश प्रमुख मिलन दाहालले बताए । कार्यक्रममा नरेन्द्र श्रेष्ठसहितका एजेन्सी मेनेजरहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा जेन-जी आन्दोलनपछि ध्वस्त भएको इलाका प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयको पुर्ननिर्माण अभियानमा सक्रिय भएर लागेका विपिन बजगाईं, रमेश चौधरी लगायतको समेत उपस्थिती रहेको थियो ।

निजी क्षेत्रले सामाजिक उत्तरदायित्व अन्तर्गत सार्वजनिक निकायहरूसँग सहकार्य गर्नु सकारात्मक तथा उदाहरणीय पहल भएको उल्लेख गर्दै यस्ता सहयोगले सेवाग्राहीहरूलाई प्रत्यक्ष सुविधा पुग्नुका साथै सार्वजनिक संस्थाहरूको कार्य वातावरण सुधारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरिएको थियो ।

आइएमई लाइफ इन्स्योरेन्सले सामाजिक तथा सामुदायिक क्षेत्रमा निरन्तर सक्रिय भूमिका निर्वाह गर्दै आएको जनाउँदै आगामी दिनहरूमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिने जनाइएको छ ।

# झापामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरू



**बिर्तामोड, फागुन ५।** झापामा १६औं राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता सोमबारदेखि शुरु भएको छ । जिल्ला खेलकुद विकास समिति झापाको आयोजनामा गौरादहस्थित जनता माध्यमिक विद्यालयको खेलमैदानमा प्रतियोगिता शुरु भएको हो ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रतियोगिताको उद्घाटन गरेका थिए । खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले विद्यालयस्तरबाटै खेल प्रतिभाको पहिचान र विकास गर्न यस्तो प्रतियोगिता प्रभावकारी हुने बताए ।

जिल्ला खेलकुद विकास समिति झापाका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त'को अध्यक्षतामा आयोजित समारोहमा खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने खेलाडी, प्रशिक्षक तथा सामाजिक संघ-संस्थालाई सम्मान गरिएको थियो । तेक्वान्दो प्रशिक्षक हरिबहादुर भुजेल, एथलेटिक्स प्रशिक्षक गोपाल यादव, अल्ट्राधाविका पुष्पा शेर्मा, झापा महिला गोल्डकपका अध्यक्ष सन्तोष थोप्रा तथा संस्थागत रूपमा झापा उद्योग वाणिज्य संघलाई सम्मान गरिएको हो ।

सम्मान प्रमुख अतिथि मुख्यमन्त्री कार्की, गौरादह नगरपालिकाका प्रमुख छत्रपति सुवेदी र गौरीगञ्ज गाउँपालिकाकी अध्यक्ष फूलवती राजवंशी लगायतले दोसल्ला र सम्मानपत्र प्रदान गरे । गौरीगञ्ज गाउँपालिकाका निवर्तमान उपाध्यक्ष तथा पूर्व खेलाडी दीपेन्द्र थापा र कराते प्रशिक्षक दुर्गाराज निरौलाले सञ्चालन गरेको कार्यक्रममा अध्यक्ष भण्डारीले प्रतियोगिताबारे जानकारी दिए ।

जिल्लाका १५ वटै स्थानीय तहबाट सहभागी विद्यार्थी खेलाडीले एक सय २० स्वर्ण, एक सय २० रजत र दुई सय ४० कास्य पदकका लागि विभिन्न ६ विधामा प्रतिस्पर्धा गर्ने जिल्ला खेलकुद विकास समिति झापाका कार्यालय प्रमुख विष्णुकुमार नेम्बाङले जानकारी दिए ।

तीन दिनसम्म सञ्चालन हुने प्रतियोगिताबाट उत्कृष्ट खेलाडीहरू कोशी प्रदेश स्तरीय प्रतियोगिताका लागि छनोट हुने जिल्ला खेलकुद विकास समिति झापाका सदस्य तथा प्रवक्ता जगन कार्कीले जानकारी दिए ।

# एआई पूर्वाधारमा भारतको दुई खर्ब डलर रणनीतिक पहल




**झापा, फागुन ५।** आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को विश्वव्यापी प्रतिस्पर्धा तीव्र बन्दै गइरहेका बेला भारतले आफूलाई विश्वसनीय एआई साझेदारका रूपमा स्थापित गर्ने लक्ष्यसहित आगामी केही वर्षमा डाटा सेन्टर पूर्वाधारमा दुई खर्ब डलर लगानी भित्र्याउने महत्वाकांक्षी योजना अघि सारेको छ ।

यो पहलले भारतलाई केवल प्रविधि प्रयोगकर्ता मात्र नभई, एआई सेवा र पूर्वाधारको प्रमुख प्रदायक बनाउने दिशामा उन्मुख गरेको छ । भारतका इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले एसोसिएटेड प्रेससँगको इमेल अन्तरवार्तामा भारतलाई 'खुला, किफायती र विकास-केन्द्रित समाधान' खोज्ने ग्लोबल साउथ राष्ट्रहरूको भरोसायोग्य एआई साझेदारका रूपमा हेरिन थालेको बताए ।

नयाँदिल्लीमा यस साता आयोजित प्रमुख एआई इम्प्याक्ट समिटमा कम्तीमा २० विश्व नेताहरू तथा प्रविधि उद्योगका प्रतिनिधिहरूको सहभागिताले पनि भारतको बढ्दो भूमिकालाई सङ्केत गरेको उनले उल्लेख गरे ।

विश्वव्यापी स्तरमा एआईले रोजगारी, नियमन र कम्प्युटिङ शक्तिको केन्द्रीकरण जस्ता चुनौतीहरू निम्त्याइरहेका बेला भारतले पूर्वाधार निर्माणलाई आफ्नो रणनीतिको केन्द्रीय स्तम्भ बनाएको छ । वैष्णवका अनुसार, सरकारले ३८ हजारभन्दा बढी ग्राफिक्स प्रोसेसिङ युनिट ( जिपियु) सहितको साझा कम्प्युटिङ सुविधा सञ्चालनमा ल्याइसकेको छ । यसबाट स्टार्टअप, अनुसन्धानकर्ता र सार्वजनिक संस्थाहरूले उच्च लागत बिना उन्नत कम्प्युटिङ पहुँच पाउन सक्नेछन् ।

सरकारले डाटा सेन्टर उद्योगलाई प्रोत्साहन गर्न दीर्घकालीन कर छुट घोषणा गरेको छ । यसले नीतिगत निश्चितता दिँदै विदेशी पूँजी आकर्षित गर्ने अपेक्षा गरिएको छ । हाल घोषणा गरिएका ठूला लगानीहरू पनि यही रणनीतिसँग जोडिएका छन् । गुगलले पाँच वर्षमा १५ अर्ब डलर लगानी गर्दै भारतमा आफ्नो पहिलो एआई हब स्थापना गर्ने योजना सार्वजनिक गरिसकेको छ । त्यसपछि माइक्रोसफ्टले चार वर्षमा १७ अर्ब ५० करोड डलर लगानी गर्दै क्लाउड र एआई पूर्वाधार विस्तार गर्ने घोषणा गरेको थियो ।

अमेजनले समेत २०३० सम्म ३५ अर्ब डलर लगानी गर्दै एआई-सञ्चालित डिजिटाइजेसनलाई प्राथमिकता दिने प्रतिबद्धता जनाएको छ । यी सबै प्रतिबद्धतालाई दुई खर्ब डलरको व्यापक लगानी पाइपलाइनको हिस्सा मानिएका छन् ।

पूर्वाधार विस्तारसँगै भारतले आफ्नै भाषाहरू र स्थानीय सन्दर्भमा प्रशिक्षित सार्वभौम आधारभूत एआई मोडेल विकासलाई पनि प्राथमिकता दिएको छ । केही मोडेलले विश्वस्तरीय मापदण्ड पूरा गर्दै ठूला भाषा मोडेलहरूसँग प्रतिस्पर्धा गर्न सक्ने अवस्था पुगेको वैष्णवले बताए । उनका अनुसार भारतले आफूलाई केवल 'नियम निर्माता वा नियम पालक'को भूमिकामा सीमित नराखी, व्यावहारिक र सन्तुलित अन्तर्राष्ट्रिय मापदण्ड निर्माणमा सक्रिय सहभागी बन्ने लक्ष्य लिएको छ ।

सरकारले एआई मिसन मार्फत सार्वजनिक-निजी साझेदारीमा क्षेत्रविशेष समाधान विकासलाई अघि बढाइरहेको छ । एआईका कारण ह्वाइट-कलर र प्रविधि क्षेत्रका रोजगारी प्रभावित हुन सक्ने चिन्तालाई सम्बोधन गर्दै विश्वविद्यालय, सीप कार्यक्रम र अनलाइन प्लेटफर्म मार्फत एआई-तयार जनशक्ति निर्माणमा जोड दिइएको छ । देशभर विस्तार भएको फाइभ जी सञ्जाल र युवा, प्रविधिमैत्री जनसंख्यालाई एआई अपनाउने प्रक्रियाको बलियो आधारका रूपमा लिइएको छ ।

तर एआई शासन, स्वास्थ्य र वित्तजस्ता संवेदनशील क्षेत्रमा विस्तार हुँदै जाँदा सुरक्षात्मक मापदण्ड आवश्यक हुने चुनौती पनि उस्तै छ । वैष्णवले कार्यान्वयनयोग्य विश्वव्यापी ढाँचा, विश्वसनीय पूर्वाधार, गलत सूचनाको नियमन र मानव तथा प्राविधिक क्षमता सुदृढीकरण समेटिएको चार-आयामी रणनीति प्रस्तुत गरेका छन् ।


## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८२/१०/०१ गतेका दिन दुर्गापुरबाट बिर्तामोड जाने क्रममा मेरो निम्न व्यहोरा भएको राष्ट्रिय परीक्षा बोर्डको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम :- झर्ना बोहोरा
ठेगाना :- कनकाई-७, दुर्गापुर, झापा
रजिस्ट्रेसन नं. :- ७९१०४१५००२००
सिम्बोल नं. :- ९०४०७००६
सम्पर्क नं. :- ९७०१६४१५१९

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

शुद्ध दूधको स्वस्थ उत्पादन
## कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

UNited International Group
## UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला ।
साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४४५००३

## वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ?
यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| टेकबहादुर सेडाई | सिजुवा दमक-९ ख | ३८४<br>३८७ | ०-१-१०.५<br>०-०-१२.२५ | हेलेगुदु/हेलो गुदुन ताजपुरिया<br>" " |
| कृष्ण कुमार खुलाल | कोहवरा-२ | ८०१ | ९३०.०० | केकरु/केकारु राजवंशी |
| आशा लिम्बु | मेचीनगर-१३ | ७२ | ३५०.०० | सरजु कामत/सरजु कामन |
| कनक बहादुर कार्की | नकलबन्दा-७ | ११६० | ०-३-० | सोम बहादुर |
| टेकनाथ अधिकारी | चकचकी-७ | १५६९<br>१५७० | १-८-० | ढेना हस्ता सतार/रेनहरदा सतार<br>" " |
| सजनलाल राजवंशी | गौरीगञ्ज-१ | ३२९५ | ८८४२.२८ | झोर ताजपुरीया/विपद/विपत ताजपुरिया/ठेक/ठेम ताजपुरीया |
| कमल कुमार बस्नेत | डागीबारी-४ | १११३<br>१०२४<br>१०२८<br>६५५<br>११११ | ०-०-१०<br>०-२-१५.५<br>०-२-१५.५<br>०-५-१०<br>०-४-५ | छोटकु वास्की सतार/छोटका बास्की सतार<br>" "<br>" "<br>सुरज राजवंशी |
| कमल बहादुर बस्नेत | डागीबारी-४ | १०२१<br>१०८२<br>१०३०<br>१०३३<br>११०९ | ०-६-०<br>०-८-१४<br>०-०-८<br>०-०-८.५<br>०-११-५ | सुरज राजवंशी<br>टिहाकु/टिकाकु राजवंशी<br>" "<br>" "<br>छोटका /छोटकु वास्की सतार |
| जगतबहादुर खतिवडा | डागीबारी-४ | ९४८ | ०-४-२.५ | ब्रम्ह लाल ढुंगाना |


उच्च गुणस्तर सुलभ मूल्य
## सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड
अदुवा पुल छेऊ
फोन नं.
९८४४६८५६००
९८१६०४९८००

## UPVC झ्याल ढोका
टर्की ब्रान्डका UPVC ओरजिनल झ्याल, ढोका पार्टीसन लगाउनु परेमा हामीलाई सम्झनुहोस् ।
गणपति UPVC झ्याल, ढोका-संसार
सम्पर्क :
बिर्तामोड, चारपाने, सुरुङ्गा, दमक
९८५२६७१४२२, ९८१८२१०६७०

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

## कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष: ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की: ९८१७९४०१७३
मे १ ज १६७०

## सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

विशेषज्ञ डाक्टरहरूको सेवा अब
## कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ ।
साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोट: सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

## आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क :
९८१८७९३९८६, ९८५२६८८९८६

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
## प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरु :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)